# थाइरोइड (रूद्रघन्टी) स्क्यान

## Thyroid Scan

A thyroid scan checks your thyroid gland for problems. The thyroid gland is located in your neck. It speeds up or slows down most body functions.

थाइरोइड स्क्यानले तपाईंको थाइरोइड ग्रन्थिका समस्याहरूको पत्तो लगाउँछ। थाइरोइड ग्रन्थि तपाईंको घाँटीमा स्थित हुन्छ। यसले शरीरका अधिकाँश क्रियाकलापहरूको गतिलाई तीव्र वा सुस्त बनाउँछ।

You will be asked to swallow a pill that contains a small amount of radioactive iodine for this test. There are no side effects from taking this pill.

यो जाँच गर्दा तपाईंलाई एक चक्की निल्नको लागि भनिनेछ जसमा अल्प मात्रामा रेडियोधर्मी आयोडिन हुन्छ। यो चक्की खाँदा यसका कुनै दुष्प्रभावहरू हुँदैनन्।

It helps your doctor find problems of the thyroid gland. This information will help your doctor find the right medical treatment.

यसले तपाईंको थाइरोइड ग्रन्थिका समस्याहरूको पत्तो लगाउनमा तपाईंको डक्टरलाई मद्दत पुर्याउँछ। यो जानकारीले सही चिकित्सकीय उपचार खोज्नमा तपाईंको डक्टरको मद्दत गर्छ।

This test has 3 parts. You will be given 3 appointment times. Arrive on time for each part of the test.

यस परीक्षणका 3 भाग छन्। तपाईंलाई 3 एपोइन्टमेन्टहरूको लागि समय दिइनेछ। परीक्षणको हरेक भागका लागि समयमा आइपुग्नुहोस्।

If you have any allergies to medicines, foods or other things, tell the staff before the test.

यदि तपाईंलाई औषधिहरू, खाद्य पदार्थहरू वा अन्य वस्तुहरूलाई लिएर कुनै प्रकारका एलर्जीहरू छन् भने, यसबारे जाँचभन्दा पहिले नै सम्बद्ध कर्मचारीलाई बताउनुहोस्।

If you are breastfeeding, pregnant or think you might be, tell the staff before the scan. For women of childbearing years, a pregnancy test is done before the scan.

यदि तपाईंले स्तनपान गराइरहनु भएको छ, तपाईं गर्भवती हुनुहुन्छ वा यस्तो हुन सक्छ भनी ठान्नुहुन्छ भने, यसबारे स्क्यानभन्दा पहिले नै सम्बद्ध कर्मचारीलाई बताउनुहोस्। स्क्यान गर्नुभन्दा पहिले, बच्चा जन्माउन सक्ने उमेर भएका महिलाहरूको गर्भावस्था जाँच गरिन्छ।

## To Prepare

- Do not take multi-vitamins that contain iodine for 4 weeks before the test.
- If you are taking thyroid medicine, ask your doctor when you need to stop taking it before the test.
- Do not eat or drink anything, including water, after midnight before the test and for 2 hours after you take the pill.
- Ask your doctor if you should take your medicines the day of the test. If so, take with sips of water only.
- Bring a list of all of your medicines. Be sure to include any prescription or over the counter medicines and any vitamin or herbal supplements you take.

## तम्तयारी गर्नु

- जाँचका 4 साताहरू पहिलेदेखि आयोडिन भएका मल्टि-भिटामिनहरू नलिनुहोस्।
- यदि तपाईंले थाइरोइडका औषधिहरू लिइरहनु भएको छ भने, आफ्नो डक्टरलाई यो सोध्नहोस् कि जाँचभन्दा पहिले कहिलेदेखि यी औषधिहरू लिनु बन्द गर्नु आवश्यक छ।
- जाँचभन्दा पहिलेको मध्यरात्रि पश्चात् अनि तपाईंले चक्की खानुभएपछि 2 घण्टाहरूसम्म पानी लगायत केही पनि नखानुहोस् वा नपिउनुहोस्।
- जाँचको दिनमा तपाईंले आफ्ना औषधिहरू लिनु पर्छ वा पर्दैन, त्यसबारे आफ्नो डक्टरलाई सोध्नहोस्। खानु हो भने, केही घुट्की पानीका साथ खानुहोस्।
- तपाईंका सबै औषधिहरूको सूची लिएर आउनुहोस्। सूचीमा नुस्खा अन्तर्गतका कुनै पनि औषधिहरू वा विना नुस्खाका औषधिहरू अनि तपाईंले लिइरहनु भएको भिटामिन वा जडीबुटी जस्ता कुनै पनि पूरक औषधिहरूलाई निश्चित रूपमा सामेल गर्नुहोस्।

## During the test

You will have 3 appointments for this test.

### Part 1

- You will get more instructions and have a chance to ask questions.
- You will be given a pill to swallow.
- You may be allowed to go home to wait.

### Part 2

- About 6 hours later, you will return to have a small blood sample take from your arm. This measures the amount of radioactivity in your thyroid gland.
- This part of the test takes about 15 minutes.

### 3rd Appointment

- The next day, you will return to have blood taken to check the radioactivity in your thyroid gland.
- You will lie down for the scan to be done.
- During the scan, pictures of your thyroid will be taken with a camera-like machine. This will take about a hour.

Test results are sent to your doctor. Your doctor will share the results with you.

Talk to your doctor or nurse if you have any questions or concerns.

## जाँचको अवधिमा

यो जाँचको लागि तपाईंका 3 एपोएन्टमेन्टहरू हुनेछन्।

### भाग 1:

- तपाईंलाई अझ बढी निर्देशहरू दिइनेछन् तथा तपाईंले प्रश्नहरू सोध्ने अवसर पाउनुहुनेछ।
- तपाईंलाई निल्नको लागि एक चक्की दिइनेछ।
- प्रतीक्षा गर्नको लागि तपाईंलाई घर जाने अनुमति दिइन सकिन्छ।

### भाग 2:

- लगभग 6 घण्टाहरू पश्चात्, तपाईं वापस आउनुहुनेछ अनि तपाईंको पाखुरोबाट अल्प मात्रामा रगतको नमुना लिइनेछ। यसले तपाईंको थाइरोइड ग्रन्थिमा रेडियोधर्मिताको परिमाणलाई नाप्छ।
- जाँचको यस हिस्साको लागि लगभग 15 मिनटहरूको समय लाग्छ।

### 3रो (तेस्रो) एपोएन्टमेन्ट

- आगामी दिन, तपाईं पुनः वापस आउनुहुनेछ अनि तपाईंको थाइरोइड ग्रन्थिमा रेडियोधर्मिताको जाँच गर्नको लागि रगतको नमुना लिइनेछ।
- अब स्क्यान गर्नको लागि तपाईं आरामका साथ पल्टिनु हुनेछ।
- स्क्यानको बेलामा एउटा क्यामेरा जस्तो यन्त्रले तपाईंको थाइरोइडका तस्विरहरू खिचिनेछन्। यसको लागि लगभग एक घण्टाको समय लाग्नेछ।

परीक्षणका नतिजाहरू चिकित्सकलाई पठाइन्छ। तपाईंको चिकित्सकले तपाईंसँग नतिजाहरू साझा गर्नुहुनेछ।

तपाईंसित कुनै प्रश्नहरू वा चिन्ताहरू छन् भने, तपाईंको डक्टर वा नर्ससित यसबारे कुरा गर्नुहोस्।

© 2005 - July 21, 2021, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.